संवत् २०८० साल मंसिर ७ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैग्यणीचौर, मकवानपुर, बागमती प्रदेश, नेपाल २०७३

थाहानगर कार्यपालिका बैठक संख्या : ०५/२०८०/२०८१

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | प्रशासन शाखा | प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश हेटौडाबाट स्थानीय सेवा तर्फ, आठौं तह (प्राविधिक), कृषि सेवा, भेटेरिनरी समूह, पशु चिकित्सक पदमा सिफारिस भई आउनुभएका फापरबारी-२, मकवानपुर निवासी श्री निकास भोलोनलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ बमोजिम स्थायी नियुक्ति गर्ने । |
| २ | प्रशासन शाखा | चालु आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन हुने १४ औं नगरपरिषद् (हिउँदे अधिवेशन) २०८० पौष २५ गते बुधबारका दिन सञ्चालन गर्ने । |
| ३.१ | खानेपानी बोर्ड | यस थाहा नगरपालिका अन्तर्गत रहेको 'थाहानगर खानेपानी व्यवस्थापन बोर्ड'मा हस्तान्तरण भई सञ्चालन हुने खानेपानी आयोजनाबाट संकलित खानेपानी महशुल नगरपालिकाको कोषमा जम्मा गर्ने । |
| ३.२ | | थाहा नगरपालिकामा रहेको नेवाः बस्तीहरुलाई सांस्कृतिक संरक्षित क्षेत्र घोषणा प्रकृया अगाडी बढाउन प्रस्तावित तपसिलको कार्यदललाई विस्तृत अध्यन गरी प्रतिवेदन पेश गर्न अनुरोध गर्ने ।<br>तपसिल<br>१. विनोद महर्जन : संयोजक<br>२. भवानी प्रधान : सदस्य<br>३. विजय मल्ल : सदस्य<br>४. राजन बलामी : सदस्य<br>५. मंगलाल गोपाली : सदस्य<br>६. निरन्जन श्रेष्ठ : सदस्य<br>७. विष्णु गोपाली : सदस्य<br>८. विमल गोपाली : सदस्य<br>९. हरि गोपाल श्रेष्ठ : सदस्य<br>१०. अन्जल प्रधान : सदस्य<br>११. विश्वमान श्रेष्ठ : सदस्य<br>१२. नरहरी गोपाली : सदस्य<br>१३. निल बहादुर गापाली : सदस्य<br>१४. श्री कृष्ण महर्जन : सल्लाहकार |

संवत् २०८० साल पुस २२ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०६/२०८०/२०८१

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | प्रशासन शाखा | थाहा नगरपालिका, राजस्व परामर्श समितिको मिति २०८०/०९/१८ गतेको निर्णय अनुमोदन गर्ने । |
| २ | योजना महाशाखा | चालु आर्थिक वर्ष २०८०/०८१ को संसोधित बजेट तथा कार्यक्रमलाई स्वीकृतिको लागि १४ औं नगरसभामा पेश गर्ने । |
| ३.१ | प्रशासन शाखा | थाहा नगरपालिकाको दरबन्दी संरचनालाई प्रचलित ऐन बमोजिम पुनरावलोकन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित समितिबाट पेश हुन आएको संशोधित O&M स्वीकृत गर्ने । |
| ३.२ | न्यायिक शाखा | पशु विकास शाखाबाट पेश भएको कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक मापदण्ड,<br>२०८० स्वीकृत गर्ने । |
| ३.३ | प्रशासन/स्वास्थ्य शाखा | पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृतहरुलाई कार्यबोझको आधारमा तपसिल बमोजिम सुरु तलब स्केलको आधारमा २०८० माघ १ गते देखि मासिक प्रोत्साहन भत्ता प्रदान गर्ने ।<br>तपसिल<br>१. पालुङ प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख (मेडिकल अधिकृत) : ३०% (कर सहित)<br>२. अन्य मेडिकल अधिकृतहरु : २०% (कर सहित) |
| ३.४ | योजना महाशाखा/पशु विकास शाखा | थाहा नगरपालिका वडा नं. १२ स्थित चिस्यान केन्द्र संचालनको लागि आवश्यक पर्ने यान्त्रिकरण (चिलिङ भ्याट) तथा अन्य उपकरण आ.व. २०७९/७८० मा खरिद गरी दुध संकलन गरिरहेकोमा यान्त्रिकरण तथा उपकरण राख्नको लागि भवन निर्माण गर्न अति आवश्यक भएको हुदाँ आ.व. २०८०/०८१ को लागि बागमती प्रदेश बाट दुग्ध पदार्थ यान्त्रिकरण (चिस्यान केन्द्र) सहयोग कायक्रम थाहा-१२ शिर्षकमा विनियोजित रकम रु.१०,००,०००।- बाट भवन निर्माण गर्न नमिल्ने कार्यविधि रहेको हुदाँ उक्त विनियोजित बजेट शिर्षकलाई दुग्ध चिस्यान केन्द्र स्थापन केन्द्र सहयोग कार्यक्रम थाहा-१२ मा शिर्षक संसोधन गर्नका लागि कृषि तथा पशुन्छी विकास मन्त्रालय, बागमती प्रदेश हेटौडामा सिफारिस गर्ने । |
| ३.५ | योजना महाशाखा | थाहा नगरपालिका र राडो नेपाल बिच भएको सम्झौता बमोजिम थाहा नगरपालिका वडा नं. १ मा निर्माणाधिन मुलपानी घट्टेखोला झोलुङ्गे पुलको निर्माण कार्य अविरल बर्षाको कारण समयमै सम्पन्न गर्न असमर्थ भएकोले म्याद थपको लागि वडा कार्यालयको सिफारिस प्राप्त हुन आएकोमा सो ठेक्काको उल्लिखित ऐन र नियमावली बमोजिम म्याद थप गरेको समय सीमाभित्र कार्यसम्पन्न हुनेगरी २०८० माघ मसान्त सम्म म्याद थप गर्ने । |
| ३.६ | प्रशासन/सामाजिक विकास शाखा | थाहा नगरपालिका वडा नं. ४ स्थित ऋषेश्वर महादेव मन्दिरको संरक्षण तथा सम्बर्द्धनका लागि ऋषेश्वर महादेव मन्दिर क्षेत्र विकास तदर्थ समिति गठन गर्ने । |
| ३.७ | योजना/प्रशासन शाखा | जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय, मकवानपुरबाट आ.व. २०८०/०८१ का लागि थाहा नगरपालिका सिचाईको लागि पम्पिङ, खोला, कुलो, नहर निर्माण शिर्षकमा रु.६०,००,०००।- बजेट विनियोजन भएकोमा उक्त शिर्षकलाई सिचाईको लागि पम्पिङ, खोला, कुलो, नहर निर्माण, थाहा-३ मा शिर्षक संसोधन गर्नका लागि जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय, मकवानपुरडामा सिफारिस गर्ने । |

| | | |
|---|---|---|
| ३.८ | प्रशासन शाखा | थाहा नगरपालिकामा लामो समय करार सेवामा सेवा गर्नुभई २०८० साउन महिनाबाट सेवाबाट अनिवार्य अवकाश हुनुभएका तपसिल बमोजिमका कर्मचारीहरुलाई १४ औं नगरसभामा रु.५०,०००/- नगद सहित दोसल्ला र कदर पत्रले सम्मान गर्ने ।<br>तपसिल<br>१. लोक बहादुर श्रेष्ठ, कार्यालय सहयोगी<br>२. तेज बहाहुर थिङ, कार्यालय सहयोगी<br>३. धनमाया पोडे, स्वीपर<br>४. धनलाल देउला, स्वीपर |